**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १० गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** नेपालगञ्जमा रहेका जेष्ठ नागरिक र विद्यार्थीहरुको उद्धारको लागि पाँचौं पटक अनुरोध गर्दा पनि सरकारको ध्यान नदिएको सरोकारवालाको गुनासो छ । हुम्लाका बालबालिकाहरु नेपालगञ्जमा अलपत्र परेको भन्दै अभिभावकहरुले जिल्ला प्रशासन कार्यालय हुम्लामा वैशाख ९ गते पाँचौं पटक उद्दारको माग गरेका छन् ।
लकडाउन सुरु भए यता १ सय ९० जना हुम्लाबासी नेपालगञ्जमा रोकिएका छन् । चैत १० गतेबाट काठमाडौं  लगाएत देशका अन्य भाग र भारतबाट हुम्ला आउने तयारीमा रहेका हुम्लाबासी कलडाउनको कारण हवाई सेवा बन्द हुदा घर आउन नपाएपछि उतै अलपत्र परेका हुन ।
'हामी आफैले पैसा तिर्छौं भन्दा पनि कसैले पहल गरेनन् । ५ पटकसम्म प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका पदाधिकारीलाई अनुरोध गर्यौं, तर कसैले वास्ता गरेनन्' स्थानीय अगुवा टेके रोकायाको भनाई छ ।
कुन पालिकाबाट कति नागरिक अलपत्र छन भन्ने यकिन विवरण आएपछि मात्र उद्दारको लागि पहल गरिने प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईले बताउनु भयो ।
यस्तै हुम्लाको देउली बितरण केन्द्र र सर्केगाड डिपोका लागि आएको चामल मुगुको गमगडी हुदै हुम्ला आउने क्रममा मुगुको छायाँनाथ रारा नगरपालिका- १४ को बाम गाउँमा एक हप्ता देखि रोकिएकोमा वैशाख ९ गतेबाट ढुवानि सुरु भएको छ ।
नेपाल खाद्य व्यबस्था तथा व्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानमा स्थलमार्गबाट ल्याउन लागिएको चामल छायाँनाथ रारा नगरपालिका-१४ का वडा अध्यक्षले हुम्ला आउन नदिएर रोकेपछि हुम्लाको तल्लो भेग क्षेत्रका बासिन्दाहरु उपभोग गर्नबाट बन्चित भएका थिए । खाद्यान्न लिएर हुम्लाका लागि आएका ३ वटा ट्रक छायाँनाथ रारा नगरपालिका-१४ का वडा अध्यक्ष नन्दलाल बढुवालको निर्देशनमा वैशाख ४ गते बाम गाउँमा रोकिएका थिए ।
उक्त चामल बाम गाउबासीका खच्चडले बोक्न पाउनु पर्ने भन्दै स्थानीयले रोकेको मुगुका प्रमुख जिल्ला अधिकारी कृष्ण कुमार निरौलाले बतउनु भयो । रोकिएको चामल ढुवानी गराउन खोज्दा बाम गाउँबासीले प्रहरीमाथि ढुङ्गामुडा गरेपछि स्थितीलाई नियन्त्रणमा लिन हवाई फायर समेत गर्नु परेको प्रजिअ निरौलाले जानकारी दिनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** कर्णाली प्रदेश सभा सदस्य करविर शाहीले कर्णाली प्रदेशको सिमाना बबई पुलमा अलपत्र परेका जाजरकोटका विभिन्न स्थानीय तहका नागरिकहरुको उद्धार गरेका छन् ।
वैशाख ९ गते व्यक्तिगत खर्चमा बस रिजर्भ गरी जाजरकोट छेडागाड नगरपालिका, जुनिचाँदे गाउँपालिका, शिवालय गाउँपालिका, बारेकोट गाउँपालिका, भेरी नगरपालिका, नलगाड नगरपालिकाका ५० जना अलपत्र नागरिकको उद्दार गरी जिल्ला पठाएका छन् ।
उद्दार गरिएका नागरिकहरुलाई शिवालय गाउँपालिको छेडा बजारमा स्वास्थ्य जाँच गरी उनीहरुको विवरण राखेर सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको निगरानीमा रहने गरी जिम्मा लगाइएको सांसद शाहीले बताउनु भयो ।

यसैगरी कुशे गाउँपालिकामा वैशाख ९ गते २५ जनाको द्रुत परिक्षण गरिएकोमा सबै रिर्पोट नेगेटिभ आएको छ । भारतको कालापहाड, अन्य मुलुक र जिल्ला भन्दा बाहिरबाट हालै गाउँपालिकामा आएका हजार भन्दा बढि नागरिकहरु भएतापनि प्रयाप्त किटको अभावमा २५ जनाको मात्र परीक्षण गरिएको गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले जानकारी दिनु भयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका** अनुसार संकट व्यवस्थापन केन्द्र दैलेखले जिल्लाका ११ वटै स्थानीय तहले जिल्ला प्रवेश गर्ने मुख्य नाका गुराँसेमा हेल्प डेस्क राखी आफ्नो तहका बासिन्दालाई उपयुक्त सवारी साधनबाट लैजान व्यवस्था मिलाउने निर्णय गरेको छ ।
वैशाख १० गतेको बैठकले घर फर्किंदै गरेका नागरिकहरुको बारेमा हरुले जानकारी नपाएको कारण क्वारेण्टाइनमा ल्याउन ढिलाई हुने र पैदल हिड्दा यात्रुहरुलाई खान बस्न समस्या पर्ने गरेको भन्दै नागरिकहरुको सुरक्षाका लागि यस्तो निर्णय गरिएको जिल्ला समन्वय समितिका संयोजक प्रेमबहादुर थापाले बताउनुभयो ।
बैठकले भारत र तेश्रो मुलुकबाट आएकालाई सिधै क्वारेण्टाइनमा राख्ने र नेपाल भित्रबाटै आएकालाई वडाका जनप्रतिनिधिको निगरानीमा होम क्वारेन्टाइनमा बस्न लगाउने निर्णय गरेको छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** वनगाड कुपिण्डे नगरपालिका १ सय ३२ जना र कालीमाटी गाउँपालिकामा ४१ जनाको आरडिटी परीक्षण गरिएको सल्यान अस्पतालका प्रमुख डाक्टर अर्जुन बुढाले बताउनुभयो । जसमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । नगरपालिकामा भारत सहित तेस्रो मुलकबाट आएकाको संख्या १ सय ८० भन्दा बढी रहेकोमा १ सय ३२ जनाको मात्रै आरडिटी परिक्षण गरिएको छ ।
यसैबीच शारदा नगरपालिकाले स्थापना गरेको राहत कोषमा जागृत वचत तथा ऋण सहकारी सस्था लिमिटेडले ५१ हजार रुपैया सहयोग गरेको सस्थाका अध्यक्ष किशोर कुमार हमालले बताउनुभयो ।
यसैगरी कुमाख गाउँपालिकाले २ सय ३८ विपन्न परिवारलाई राहतप्रदान गरेको छ । राहत सामग्रीको दुरुपयोग नहोस भन्नेतर्फ ध्यान दिएर सम्बन्धित वडा कार्यालयले पहिचान गरेका पीडितलाई मात्र राहत उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष दिलमाया बुढाले बताउनुभयो । प्रति परिवार २५ किलो चामल, १ किलो नुन, १ लिटर तेल, २ किलो दाल वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

**इन्सेक रुकुम पशिचम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** वैशाख ९ गते जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगमन समिति गठन गरिएको छ ।
गैरसरकारी संस्था महासंघका अध्यक्ष नारायणकुमार शाहको संयोजकत्वमा गठित समितिमा इन्सेक जिल्ला प्रतिनिधि मनिषा केसी, नेपाल बार एशोसियशन अध्यक्ष यक्कबहादुर पाण्डे, हरप्लेस नेपालका अध्यक्ष सुनिता बिएम र उत्पिडित सामुदायिक विकास केन्द्रका अध्यक्ष खड्क बहादुर दमाई सदस्य रहेका छन् ।
त्यसैगरी मुसीकोट, आठविसकोट र चौरजहारी नगरपालिकाले जिल्ला बाहिर रहेका मजदुरहरुलाई घरसम्म लिनका लागि गाडीको व्यवस्था गरी मजदुर भएको जिल्लामा पठाएका छन् । मुसीकोट नगरपालिकाले दुईवटा बस काठमाडौं र गोरखा पठाएको छ । आठविसकोट नगरपालिकाले पनि एउटा बस गोरखाको आरुघाट पठाएको आठविसकोट नगरपालिकाका प्रमुख गोर्खबहादुर केसीले जानकारी दिनुभयो ।

आठविसकोटमा बनेको आइसोलेन भवनको निर्माण कार्य सकिएको र केही उपकरण जडानको काम बाँकी भएकोले सुचारु हुन केही समय लाग्ने पनि नगरप्रमुख केसीले बताउनु भयो । चौरजहारी नगरपालिकाले भने काठमाडौंबाट ११ जना मजदुरहरु नगरपालिका ल्याएर क्वारेन्टाइनमा राखिसकेको बताएको छ ।
त्यस्तै जिल्लाका तीनवटा स्थानीय तहमा बाँकी रहेका व्यक्तिहरुमा द्रुत परीक्षण भएको छ । चौरजहारी नगरपालिकामा एकसय सात, सानीभेरी गाउँपालिकामा २० जना र त्रिवेणी गाउँपालिकामा १९ जना गरी जम्मा एकसय ४६ जनाको द्रुत परीक्षण भएको र सबैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले बताउनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** लकडाउनका कारण नेपालगञ्ज, कोहलपुर, सुर्खेतमा अलपत्र परेका कालिकोटका नागरिकलाई स्थानीय तहका जनप्रतिनिधिहरुले उद्धार गर्न थालेका छन । वैशाख १० गतेसम्म पलाता गाउँपालिकाले ६० जनालाई कालिकोट ल्याएको गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताउनुभयो ।
यस्तै तिलागुफा नगरपालिका, खाँडाचक्र नगरपालिका र शुभकालिका गाउँपालिकाले पनि लकडाउनका कारण जिल्ला बाहिर अलपत्र परेकाको तथ्याङ्क संकलन शुरु गरेको छ ।
जिल्लाका विभिन्न स्थानमा भारत लगायत बाहिरी देशवाट आएका १४ महिला र २ सय ९६ पुरुष गरी जम्मा ३ सय ११ जनाको वैशाख ९ गतेसम्म पहिलो चरणको द्रुत परीक्षण गरिएको छ । उनीहरु सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले बताउनुभयो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** चितवनदेखि ज्याला मजदुरीका लागि जुम्ला पुगेका २ युवा लकडाउनका कारण संकटमा परेका छन् । भरतपुर महानगरपालिका-२८ चितवन स्थायी घर भएका जयबहादुर कुमाल र भिष्म महतो गत चैत ७ गते जुम्ला पुगेका थिए ।
११ गते लकडाउन शुरु भएपछि कुनै काम गर्न नपाएको कुमालले बताउनुभयो । काम नै नपाएपछि बिहान बेलुका छाक टार्न समस्या भएको उहाँको भनाई छ ।
बेखर्ची भएपछि उनीहरुले सामान्य चिनजान भएकी तातोपानी गाउँपालिका-२ जुम्लाकी सत्यदेवी डाँगीको घरमा शरण लिएका छन् । प्रशासनले घर जान अनुमति नदिंदा दुःख पाएको महतोको भनाई छ ।
यस्तै दैनिक ज्याला मजदुरी गर्न जुम्ला पुगेका जानकी गाउँपालिका ७ कैलालीका ८ जना र आर्दश कोटवाल गाउँपालिका ८ बाराका मेवाकाल शाह पनि जुम्लामै बेखर्ची बनेका छन् । शाह व्यापार व्यवसायका लागि जुम्ला गएका थिए । शाहका अनुसार बाराका अरु ८ जना पनि जुम्लामै अलपत्र अवस्थामा छन् ।
प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेका अनुसार अहिले प्रशासनले लकडाउनको पूर्ण पालना गर्ने हो । उहाँका अनुसार यतिबेला उद्धारको कुनै काम जगरिएको बरु खान बस्न समस्या भए स्थानीय सरकारसँग सहकार्य गर्न सकिने छ । चन्दननाथ नगरपालिका ६ का वडाध्यक्ष अजबहादुर रावलले मजदुरहरुको विवरण नगरपालिकामा पुगिसकेकोले राहत वितरण गर्ने तयारी भएको बताउनुभयो ।
यस्तै इन्सेक जिल्ला प्रतिनिधि मानदत्त रावल र पत्रकार महासंघ शाखा जुम्लाका उपाध्यक्ष नेत्र शाहीको पहलमा जुम्लामा अलपत्र परेका चितवनका दुई जना युवालाई उद्योग बाणिज्य संघ जुम्लाका अध्यक्ष रजबअलि मनियारले व्यक्तिगत रुपमा ३० किलो चामल उपलव्ध गराउनुभयो ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** छाँयानाथ रारा नगरपालिका, सोरु र मुगुम कार्मारोङ गाँउपालिकाले जिल्ला बाहिर रहेका आफना नागरिकलाई बैशाख ९ गतेबाट उद्धार गर्न थालेका छन् ।
छाँयानाथ रारा नगरपालिकाले नेपालगञ्ज र अन्य ठाउँमा अलपत्र परेकाका लागि चार र सुर्खेतमा रहेका ३ सय ९४ जनाको लागि पाँचवटा बस रिर्जब गरेको छ । यस्तै मुगुम कार्मारोङ गाँउपालिकाले पनि काठमाडौंमा रहेका आफना नागरिकलाई उद्धार गर्न बस रिर्जब गरेको जनाएको छ । यसैगरी सोरु गाँउपालिकाले पनि अस्थानीयवासीलाई उद्धार गर्न लागि परेको जनाएको छ ।
यसैगरी वैशाख १० गते जिल्ला प्रशासन कार्यालयमा बसेको सर्बदलिय बैठकले उद्धार गरिने सबैको स्वास्थ्य जाँच गरी कोरोना भाइरसको आशंका भएका र भारत तथा अन्य तेस्रो मुलुकबाट आएकाहरुले अनिवार्य १४ दिन क्वारेन्टाईनमा बस्नु पर्ने निर्णय गरेको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** ०७१ सालको साउन २८ र २९ गते आएको बाढीले विस्थापित भइ वीरेन्द्रनगर स्थित महिला प्रशिक्षण केन्द्रमा बस्दै आएका पीडितले राहत पाएका छन् । चैत २२ गते वीनपा-८ ले वितरण गरेको राहत सकिएपछि थप राहतका लागि नगरपालिकासंग अनुरोध गर्दा वीनपाले वैशाख १० गते राहत वितरण गरेको पीडित मैसरा गुरुङले बताउनुभयो ।
नगरपालिकाका अनुसार प्रति परिवार २० किलो चामल, २ किलो दाल, १ पोका नुन, २ पोका तेल र २ पोका चिउरा वितरण गरिएको छ । यस्तै ५ जनाको परिवारलाई ५ किलो र ७ जनाको परिवारलाई १० किलो चामल थप वितरण गरिएको वीनपाले जनाएको छ । प्रशिक्षण केन्द्रमा रहेको बाढी पीडितको शिविरमा १७ परिवारका १ सय ८ जना रहेका छन् ।
यसैगरी वीरेन्द्रनगर नगरपालिकाले लकडाउनका कारण अलपत्र परेका व्यक्तिहरुका लागि आश्रय स्थल र संक्रमितको सम्भावना भएका व्यक्तिहरुलाई राख्न पुर्व सावधानी गृह सञ्चालनमा ल्याएको छ ।
नगरपालिको छेउमै रहेको बागिना एवं लोक दोहोरी प्रतिष्ठानको भवनमा रहेको आश्रय स्थलमा रहेका १५ जना वैशाख १० गते घर फर्किएको र पुर्व सावधानी गृहमा १८ जना बसेको आश्रय स्थल तथा पुर्व सावधानी गृह व्यवस्थापन समितिका संयोजक हरी क्षेत्रीले बताउनु भयो । उहाँका अनुसार घर फर्किनेमा पैदल यात्रा गरेर गाउँ फर्किरहेका कालिकोटका ३, सुर्खेतको बराहतालका ६ र वीनपा-३ का ६ जना रहेका छन् । सावधानी गृहमा रहेकाहरु स्वास्थ्यकर्मीको परामर्शमा मात्र घर फर्किने क्षेत्रीको भनाई छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** डोल्पामा इन्सेक प्रतिनिधि विष्णुप्रसाद देवकोटाको नेतृत्वमा बैशाख १० गते मानव अधिकार अवस्था अनुगमन समिति गठन भएको छ ।
समितिमा गैर सरकारी संस्था महासंघका प्रतिनिधि योगेन्द्र बुढा, नागरिक समाजका अध्यक्ष शेरबहादुर बुढा, नेपाल पत्रकार महासंघका उपाध्यक्ष टेकबहादुर शाही र पत्रकार रामचन्द्र न्यौपाने सदस्य रहेका छन् । समितिको पहिलो बैठकले अनुगमनका लागि ८ ओटै स्थानीय तहमा जाने पासको व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरेको छ ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**